**माछापुच्छ्रे गाउंपालिकाका अध्यक्ष कर्ण बहादुर गुरुङ्गबाट**

**माछापुच्छ्रे गाउंपालिकाको गाउसभामा ं प्रस्तुत आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम**

**सभाका सभाध्यक्ष ज्यू, सभासदस्य ज्यूहरु तथा पत्रकार मित्रहरु,**

१. माछापुच्छ्रे गाँउपालिकाकोगाँउसभामा आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस महत्वपूर्ण घडिमा देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना र देशभक्तिपूर्ण आन्दोलनमा सामाजिक रुपान्तरणको लागि प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. मुलुकमा स्थिर सरकार निर्माण गर्न उत्साहका साथ झण्डै वर्षभरी निर्वाचन प्रक्रियामा संलग्न सम्पुर्ण माछापुच्छ्रे गाउँपालिका बासी आदरणिय दाजुभाई दिदिबहिनिहरुमा ह्रर्दिक आभार प्रकट गर्दछु ।

४. विश्व प्रसिद्ध माछापुच्छ्रे हिमालको काखमा रहेको यस गाँउपालिका ५४४.५८ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । २०६८ सालको जनगणना अनुसार कूल जनसंख्या २१८६८ रहेको छ । पूर्वमा मादी गाँउपालिका पश्चिममा अन्नूर्ण गाँउपालिका उत्तर तर्फ मनाङ जिल्लार दक्षिणमा पोखरा लेखनाथ महानगरपालिका र अन्नपूर्ण गाँउपालिका रहेका छन् ।

५. यस माछापुच्छ्रे गाउँपालिका आफैमा विविध जात जाति भाषा भाषी र संस्कृति संगम भएपनि सबै समुदायमा सदियौ देखि आपसी मेलमिलाप र सद्भाव रहेकाले विविधता बिचको एकताको अनुपम उदाहरण हो ।

६. प्राकृतिक ,साँस्कृतिक र विभिन्न भौगोलिक विविधतायुक्त यस गाँउपालिका लाई समृद्ध बनाउन **“माछापुच्छ्रे गाँउवासीहरुको रहर,सभ्य,समृध्द सुखी र खुसीको लहर”** भन्ने मुल नारालाई साकार पार्नु हामी सबैको कर्तव्य रहेको व्यहोरा पनि यस सम्मानीत सभासमक्ष जाहेर गर्न चाहन्छु ।

७. यस आर्थिक वर्षको निति तथा कार्यक्रम प्रस्ताव गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, चौधौ त्रिवर्षिय राष्टिय योजनालाई आधार मानीसबल र समृद्ध माछापुच्छ्रे निर्माण गरि **सुखी नेपाली, समृद्ध नेपाल**को राष्ट्रिय अभियानलाई अनुभुति र देखिने गरि सार्थक बनाउने लक्ष्य राखिने छ ।

८. संघिय, प्रदेश सरकार र स्थानिय सरकारको साथै गाउँपालिका र स्थानिय उपभोक्ताको सहकार्यमा सञ्चालन हुने योजना तथा कार्यक्रमका लागि आवश्यक समपुरक कोषको व्यवस्था गरीने छ ।

## सुशासन तथा संस्थागत विकास:

९. जनउत्तरदायी प्रशासन, वित्तिय अनुशास**न र** भष्टाचारमा शुन्य सहनशिलताको निति लिइने छ ।

१०. गाँउपालिका अर्न्तगतका वडा कार्यालय लगायत सम्पूर्ण कार्यालयहरुमा संघिय सरकार वाट समायोजन भई आउने कर्मचारीहरुका अतिरीक्त कर्मचारीहरुको संगठन र व्यवस्थापन सर्वेक्षण गरी आवश्यक कर्मचारीको पदपूर्ती गरिने छ ।

११. गाउँपालिकाका सम्पुर्णसरकारी कार्यालयहरुमा क्रमश:, विद्युतीय हाजिरी जडान गरी प्रभावकारी अनुगमनको व्यवस्था सगैं सूचना प्रविधि मैत्रि वनाउने निति लिइने छ ।

१२. गाउँपालिका अर्न्तगत संचालित योजना सेवा प्रवाह सम्बन्धमा सरोकारवलाहरु सगँ वार्षिक रुपमा सामाजिक परिक्षणको व्यवस्था मिलाइने छ साथै कम्तीमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गरिने छ ।

१३. जन प्रतिनिधीहरु तथा कर्मचारीहरुको क्षमता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

गाउंघरका सानातिना विवाद स्थानीय व्यक्तिहरुबाट निरुपणको लागि लागि वडा मेलमिलाप केन्द्र गठन गरि क्षमता विकास गरिने छ ।

### आर्थिक विकास

### कृषि

१४. यस गाँउपालिकाको मुख्य अर्थतन्त्र कृषिसँगै जोडिएकोले कृषिलाई व्यवसायीकरण गर्नुका साथै आधुनिकिकरण र यान्त्रिकीकरणमा ध्यान दिइने छ ।

१५. खाद्यबाली ,नगदे बाली,तरकारी खेती , फलफूल खेती उत्पादक कृषकहरुलाई व्यवसाय प्रबर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइएको छ ।

१६. कृषि संकलन केन्द्रहरुको स्थापना साथै बजार व्यवस्थापन गर्ने नीति बनाई लागु गरिनेछ ।

१७. प्रदेश सरकारको सहकार्यमा गाउंपालिका स्तरिय शितभण्डार स्थापना गर्न पहल गरिने छ ।

**पशुपंछी**

१८. पशुपंछी व्यवसायको तथ्यांक व्यवस्थापन र सुचना प्रणालीलाई प्रभावकारी बनाईने छ ।

१९. पशुपालन र पशु स्वास्थ्य सम्बन्धि स्थानिय नीति,कानुन, मापदण्ड,योजना नियमन र कार्यन्वयन गरीने छ ।

२०. गाउपालिका क्षेत्र रहेका विभिन्न स्थानमा निर्माण भएका दुग्ध चिस्यान केन्द्रहरुको व्यवस्थापनमा यथोचित ध्यान दिईने छ ।

२१. पशुपंछिको व्यवसायमा संलग्न भएका विभिन्न उत्कृष्ट व्यवसायीक यूवाहरु छनौट गरी पुरस्कृत गरीने व्यवस्था गरीने छ ।

**पर्यटन :**

२२. पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाँउपालिकामा पदयात्रा गर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरुलाई आकर्षण गर्न, उनीहरुको बसाइ लम्ब्याउन,बन्जीजम्प,क्यानोनिङ्ग,ऱ्याफ्टिङ्ग,प्यारागलाडिङ्ग,हनी हन्टीङ्ग र रक क्लाईमीङ्ग,पर्वतारोहण जस्ता साहसिक पर्यटनका साथै पर्यटन विकास सँग सम्बन्धित सम्पूर्ण पूर्वाधारजन्य कार्यको लाागि आवश्यक ध्यान दिइने छ ।

२३. होमस्टे र होटलहरु पर्यटक मैत्री बनाउन आवश्यक सहकार्य गरिने छ ।

२४. पर्यटन बिकाससँग सम्बन्धित विभिन्न क्षेत्रहरुको गुरुयोजना तयार गरी आवश्यक विस्तृत परियोजना प्रतिबेदन डि.पि.आर तयार गर्नको निम्ती आवश्यक रकम विनियोजन गरि कार्य प्रारम्भ गरिनेछ ।

२५. यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने माछापुच्छ्रे हिमाल पर्वत आरोहणका लागि प्रदेश र संघिय सरकार सँगको सहकार्यमा आवश्यक पहल गरिने छ ।

**सहकारी**

२६. सहकारी संस्था सम्बन्धी स्थानीय नीति कानुन मापदण्डको निर्माण कार्यान्वयन र नियमन गर्ने प्रक्रिया तुरुन्त अगाडि बढाईनेछ ।

२७. स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन विकास र परिचालन गरिनेछ ।

२८. प्रत्येक सहकारीलाई "**एक सहकारी एक नमुना उत्पादन**" क्षेत्रमा लगानि गर्ने वातावरण तयार गरिनेछ ।

२९. सहकारीको अनुगमन निरिक्षण, सहकारी शिक्षा तालिम उद्यमशिलता र नेतृत्व विकास गरि सहकारीलाई गाउँपालिकाको सम्वृद्धिका लागि वित्तिय लगानी कर्ताको रुपमा प्रवर्द्धन गरिनेछ ।

**<u>उद्योग:</u>**

३०. प्रत्येक वडाहरुमा स्थानीय संग भएको ज्ञान र सिपको प्रयोग गरि स्थापना गर्न सकिने उद्योगहरुको सम्भाव्यता अध्ययन गरि उद्योग स्थापनामा आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

३१. महिला, उत्पिडित समुदाय लक्षित सिप मुलक तालिम दिनेकार्य अगाडि बढाइनेछ ।

३२. दुग्ध उद्योग, ठूला कृषि फर्महरुलाई प्राविधिक सहयोग गर्ने नीति लिईनेछ ।

३३. निर्माण गरिएको पञ्च वर्षिय लघ उद्यम विकास योजनालाई कार्यान्वयन गरिनेछ ।

**<u>खानी तथा खनिज:</u>**

३४. ढुङ्गा, गिट्टि, माटो, बालुवा, वन पैदावार तथा अन्य खानी जन्य बस्तुको उत्खनन् सम्बन्धी दर्ता, अनुमति, नविकरण र खारेजी गर्ने नीति बनाई आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।

**<u>जलस्रोत तथा उर्जा:</u>**

३५. यस गाउँपालिका भित्र रहेका सेती र मर्दी खोला बाट सम्भावित उर्जा उत्पादन क्षमतालाई सदुपयोग गर्न सार्वजनिक तथा निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गरिनेछ ।

३६. यस क्षेत्रभित्र निर्माणाधिन जलविद्युत आयोजनाहरुको सम्पन्न गर्नका लागि आवश्यक सहयोगका साथै स्थानीय स्तरमा गरिएका विभिन्न सम्झौताहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न आवश्यक रणनीति अपनाईनेछ ।

## पुर्वाधार विकास

३७. दिगोविकासको लागि भौतिक पुर्वाधारको विकास गरी गाउँपालिकाका जनतालाई समृद्ध वनाउन क्षेत्रगत रणनीति तयार गरी अल्पकालिन,मध्यकालिन तथा दिर्घकालिन योजना वनाई क्रमशः कार्यान्वयन गरिनेछ ।

३८. गाउँपालिकाको अत्याधुनिक कार्यालय भवन निर्माण कार्य यसै आ.व बाट शुरुवात गरीने छ ।

३९. प्रदेश सरकार सँगको सहकार्यमा प्रदेश राजधानिबाट गाउँपालिकाको केन्द्र जोड्ने सडक र गाउँपालिकाबाट वडा कार्यालय सम्म जोड्ने सडकलाई स्तरउन्नति गर्ने कार्य अगाडी बढाईने छ ।

४०. सबै वडाका सहायक बाटोहरुलाई बाह्रै महिना सवारीसाधन सञ्चालन गर्न ह’न सक्नेबनाइने छ ।

४१. सघं तथा प्रदेश सँगको समन्वयमा मर्दि, सेति नदि तथा अन्य स्थानहरुमा आवश्यक मोटरेवल पुल निर्माण गर्ने कार्य अगाडि बढाईने छ ।

४२. खेतियोग्य जमिनको लागि सघं, प्रदेश र स्थानिय तहको एकल तथा संयुक्त लगानिमा सिचांईको प्रवन्ध मिलाईने छ ।

४३. प्रदेश सरकारको समन्वयमा वडा नं. १ र २ जोड्ने सेति नदिमा संभवत नेपालकै लामो पर्यटकिय  अग्लो झोल’गे पुल र पर्यटकिय गाँउ कुईवाङ्ग र घलेल जोड्ने झोल’गे पुलको सम्भाव्यता अध्ययन शुरु गरीने छ ।

## सामाजिक विकास

### शिक्षा

४४. विद्यार्थी भर्ना अभियान सगै अविभावकत्व प्रदान कार्यक्रमलाई प्रभावकारी बनाई विद्यालयमा टिकाउन गैरसरकारी संस्था र सामुदायिक संस्थाहरुको समेत सहयोग र समन्वयमा विद्यार्थी सहायता कोष स्थापना गरी कार्यान्वयन गरीने छ ।

४५. गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरुमध्ये अधिक विद्यार्थी, न्यून शिक्षक दरबन्दी भएका र उत्कृष्ट नतिजा हासिल गरेका विद्यालयहरुलाई निश्चित मापदण्ड तयार गरी प्रोत्साहन स्वरुप एकमुष्ठ शिक्षक व्यवस्थापन अनुदान दिने व्यस्था मिलाइने छ ।

४६. विद्यालयको स्थलगत सर्वेक्षण प्रतिवेदन एवं IEMIS को प्रतिवेदनका आधारमा विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्य अगाडि बढाईने छ ।

४७. गाउँपालिका स्तरमा विभिन्न विषयका विज्ञ शिक्षकहरुलाई रोष्टरमा राखी प्रश्नपत्र निर्माण गरी परीक्षा प्रणाली र परीक्षण प्रणालीमा एकरुपता गरीने छ ।

४८. गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने माछापुच्छ्रे प्रा.वि. मोहरा रिभानमा मगर र कृष्ण महादेव मा.वि. खैमराङ सार्दिखोलामा तामाङ भाषामा प्राथमिक तहको स्थानीय भाषा विषयको रुपमा अध्ययन अध्यापन गर्ने प्रकिया अघि बढाउने छ ।

४९. नेपाल सरकारबाट तलब भत्ता र सुविधा लिने जनप्रतिनिधि, शिक्षक, कर्मचारीहरुलाई आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गरी पढाउन उत्प्रेरित गरिनेछ ।

५०. सामुदायिक सिकाई केन्द्रहरुमार्फत अनौपचारिक शिक्षालाई प्रभावकारी बनाईने छ ।

५१. माध्यामिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला क्रमशः स्थापना गरीने छ ।

५२. गाउँपालिका क्षेत्र भित्र प्राविधिक विद्यालय सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रकिया वढाईने छ ।

५३. शिक्षकलाई प्रविधि मैत्री बनाउन डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरीने छ ।

५४. नयाँ सस्थागत विद्यालय खोल्ने र कक्षा थप गर्ने कार्यलाई क्रमशः निरुत्साहित गरीने छ ।

## स्वास्थ्य

५५. स्वास्थ्य विमामार्फत प्रदान गरिने सेवाकोपहुँचलाई विस्तार गरि महिला, बालबालिका, ज्येष्ठनागरिक, दलित, सिमान्तकृत, शहिद परिवार, द्धन्दपिडित, घाइतेहरु र विपन्न नागरिक कोषलाई स्वास्थ्य विमा अन्तर्गतएकिकृत गरी छुट्टै **स्वास्थ्य विमा कोष** खडा गरीने छ ।

५६. यस गाउपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नस्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन स्रोत साधन सम्पन्न बनाइने छ ।

५७. वडा न ७, ८ र वडा न १ मा सामुदायिक स्वास्थ्य इकाइ स्थापनाका लागि आबश्यक पहल गरिनेछ ।

५८. आपतकालिन मातृ तथा शिशु स्वास्थ्य व्यवस्थित गर्न गाउँपालिकामा आपतकालिन सुरक्षित मातृत्व कोष स्थापना गरीने छ ।

५९. स्थानिय तहमा कम्तिमा १५ शैयाको अस्पताल रहने व्यवस्था गर्न भौगोलिक र जनसङ्ख्याको अनुपातका आधारमा बढीमा ३० मिनेटको दूरीमा एक गाउँ एक स्वास्थ्यसंस्थाको अवधारणालाई सफलिभूत बनाउन एउटा वडामा एक स्वास्थ्य संस्थाको स्थापना गर्न नेपाल सरकार तथा प्रदेश सरकार सँग पहल गरीने छ ।

६०. कुपोषणलाई न्यूनीकरण गर्न र पोषण संबन्धि जनचेतना बढाउन आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ

६१. जलवायु परिवर्तन, तथा प्राकृतिक विपद्ले सृजना हुने मानवीय स्वास्थ्य समस्या समाधानगर्न विपद पूर्व तयारी र व्यवस्थापनलाई प्रभावकारी बनाउन स्वास्थ्य क्षेत्रका सबै निकायहरुबिच र अन्तरक्षेत्रिय समन्वय गरीने छ ।

६२. महिला स्वास्थ्य स्वयसेविकाहरु मध्ये न्यूनतम शैक्षिक आधार पुगेकाहरुलाई अनमी रमिडवाइफरी शिक्षा अवसर मार्फत बृत्ति विकास सुनिश्चित गरि स्वास्थ संस्थाहरु को संचालनमा सक्रियबनाइने छ ।

६३. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरिय बनाउन स्वास्थ्य अनुसंधानलाई प्राथमिकता दिइने छ ।

६४. स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली लाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वसनियतामा बृद्धि गरि त्यसको आधारमा नीति तथा योजना बनाइने छ ।

६५. स्वास्थ्य सुरक्षा र विरामीहरु प्रतिस्वास्थ्यकर्मिहरुले निर्वाह गर्नु पर्ने पेशाधर्मिता (आचारसंहिता)को पालनालाई सुनिश्चित गरिने छ ।

६६. सामुदायिक लगायत सबै स्वास्थ्य संस्थामा, सबै तहमा मानव तथा पशुपंक्षीमा प्रतिजैविकऔषधिहरुको प्रभावकारीतामा प्रतिरोध बढ्दै गएकोले यसका लागि निरोधात्मक तथा रोकथामका लागि आवश्यक कदम चालीने छ ।

६७. बढदै गरेको मुख रोग सम्बन्धि समस्यालाई सम्बोधन गर्न मुख सम्बन्धि स्वास्थ्य (OralHealth) लाई विशेष महत्वका साथ प्राथमिक स्वास्थ्य सेवाको तहदेखिनै व्यवस्थापन गरीप्रेषण अस्पतालको सेवा सम्म नागरिकको पहुच सुनिश्चित गरीने छ ।

**युवा तथा खेलकुद सम्बन्धी नीति**

६८. गाउँपालिका स्तरीय युवा तथा खेलकुद समन्वय समिति गठन गरी सो मार्फत गाउँपालिका अध्यक्ष पुरुष भलिवल रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिँदै युवा तथा खेलकूद सम्बन्धी विविध कार्यक्रम गरीने छ ।

६९. एक वडा एक खेलकूद मैदानको अवधारणालाई क्रमशः कार्यन्वयन गरीदै लगिने छ ।

७०. युवा स्वरोजगार वढाउन सिप विकासको कार्यक्रम सञ्चालन गरीने छ ।

७१. युवाहरुलाई दुर्व्यसन विरुद्धको अभियानमा संलग्न गराउन कानुनी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीने छ ।

७२. बैदेशिक रोजगारमा जाने युवाहरुलाई स'रक्षित आप्रवासन सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

**खानेपानी तथा सरसफाई**

७३. स्वच्छ खानेपानिको व्यवस्थापन गर्न एक घर एक धारा कार्यक्रमलाई संघ, प्रदेश र स्थानिय सरकारको सहलगानिमा क्रमशः सम्पन्न गरिने छ ।

७४. प्रत्येक टोलमा टोल विकास संस्थाको समन्वयमा फोहोर व्यवस्थापन गर्ने नीति लिईने छ ।

**भाषा, कला र संस्कृति प्रवर्द्धन**

७५. मठमन्दिर, गुम्बा, चैत्य, विहार, पाटी पौवा ढुंगेधारा र आश्रयस्थलहरुको संरक्षण ,सम्बर्द्धन र प्रबर्द्धन, लोपोन्मुख परम्परा, मेला, जात्रा, पर्वलाई उचित संरक्षण गरी पर्यटन विकाससँग जोड्न गुरुयोजना बनाइ लागू गर्ने नीति लिईने छ ।

**जेष्ठ नागरिक**

७६. जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्तालाई नजिकको वित्तीय संस्थाबाट वितरणको व्यवस्था मिलाईने छ ।

७७. जेष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

७८. जेष्ठ नागरिकको उत्कृष्ट संरक्षक छनोट गरी सम्मान गरीने छ ।

७९. जेष्ठ नागरिकको तीर्थयात्रा कार्यक्रमको  व्यवस्था गरीने छ ।

**लैङ्गिक समानता र समावेशीकरण**

८०. महिला हिंसाविरुद्धको सचेतना अभियान सञ्चालन गरिने छ ।

८१. लैङ्गिक हिंसा, जातीय छुवाछुत, कुरीति र कुसंस्कारलाई पूर्णरुपमा निषेध गर्ने नीतिलाई लागु गरिने छ ।

८२. प्रत्येक वडामा उत्पीडित समुदायमा रहेको परम्परागत ज्ञान र सीपलाई व्यवसायीकरण गर्न उद्यम विकासका कार्यक्रम अघि बढाईने छ ।

८३. प्रत्येक भौतिक संरचना तयार गर्दा अपांग, जेष्ठ नागरिक र बालबालिका मैत्री बनाइने छ ।

८४. विपन्न वर्गलाई स्वास्थ्य शिक्षा जस्ता आधारभूत सेवा सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने नीति लिईने छ ।

८५. विशेष क्षमता भएका नागरिकहरुलाई सहयोगी सामाग्री वितरण, आयआर्जनका लागि सिपविकास तालिम सञ्चालन गरीने छ ।

**गैर सरकारी संस्था**

८६. गाउँपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरुको विवरण संकलन गरी आवश्यक नियमन गर्ने र कार्यक्रमहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन:**

८७. माछापुच्छ्रे गाउँपालिका भित्र पर्न सक्ने सम्भावित विपद् लाई ध्यानमा राखि विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

८८. यस गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न नदि खोला हरुको कटान र यसको प्रभावलाई नियन्त्रण गर्न विभिन्न तटबन्धन गर्ने कार्य प्रदेश सरकार संग समन्वय तथा स्थानीय सरकार बाट आवश्यक कार्य अगाडि बढाईनेछ ।

८९. स्वच्छ सफा र सुन्दर माछापुच्छ्रे बनाउन विभिन्न टोल विकास संस्थाहरु संग समन्वय गरि मागका आधारमा आवश्यक फोहर मैला व्यवस्थापन गर्न ईन्सिनिरेटरको निर्माण गरिने छ ।

९०. वन तथा वातावरण संरक्षण, उपयोगका सम्बन्धमा अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना संग नमिलेको नीतिगत तादम्यतालाई उच्चस्तरीय कार्यदल गठन गरि आवश्यक व्यवस्था मिलाईनेछ ।

**आन्तरिक स्रोत व्यवस्थापन**

९१. गाउंपालिकालाई आर्थिक रुपमा सबल र सक्षम बनाउन कर तथा शुल्कको दायरा बढाइने छ । बैज्ञानिक र प्रगतिशिल करको रुपमा रहेको एकिकृत सम्पत्ति कर व्यवस्थालाई न्युनदरमा लगाई आन्तरिक आर्थिक व्यवस्थालाई सुदृढ बनाइने छ ।

९२. गाउपालिकाका सबै प्राकृतिक स्रोतहरुको पुर्ण परिचालन गर्नुका साथै समानुपातिक उपयोग तथा वितरणको व्यवस्था मिलाईने छ ।

**आदरणिय सभासद् ज्यूहरु,**

अन्त्यमा नेपाली जनताको त्याग , संर्घष र वलिदानीबाट प्राप्त भएको वर्तमान राजनैतिक उपलब्धिको संरक्षण, सस्थागत गर्ने जिम्मेवारी सबै नागरीक तिनै तहको स्थायी सरकारको काधमा आएको छ । यो जिम्मेवारीलाई गाउंपालिकाबासीले अनुभुत गर्ने गरी उन्नतशिल नागरीक मैत्रि बनाउदै समृद्ध पालिकाको निर्माणमा सहभागि हुन जनप्रतिनिधि, राजनैतिक दल निजि क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक कर्मचारी, सञ्चार जगत एवं सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद !**